नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
शिक्षा विकाश तथा समन्वय इकाई
महोत्तरी,जलेश्वर

इमेल deomahottari2014@gmail.com
वेवसाइट www.deomahottari.gov.np

पत्रसंख्या :-२०७४।०७५
चलानी नम्बर :-

मिति :-२०७५।०२।२३

बिषय :-पुस्तकालय अनुदान सम्वन्धी सूचना ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं.६३ मिति २०७५।०२।१६ को पत्रानुसार नेपालमा विभिन्न व्यक्ति वा सामुदायिक संस्थाको अगुवाईमा स्थापना र संचालन भई रहेका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूलाई बिगत केही बर्ष देखि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले आर्थिक अनुदान उपलव्ध गराउदै आईरहेकोछ । यसरी वितरण गरिदै आएको आर्थिक अनुदानमा पारदर्शिता कायम गर्न तथा मुलुकमा संचालित सबै सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूले अनुदान प्राप्त गर्न सक्ने अवस्था सिर्जना गरी प्रभावकारी सेवा प्रवाह गर्ने उद्देश्यले तर्जुमा गरिएको सार्वजनिक तथा सामुदायिक पुसतकालय अनुदान कार्यविधि माननीय (शिक्षा ,विज्ञान तथा प्रविधि) मन्त्रीस्तरवाट मिति २०७५।०२।१५ गते स्वीकृत भएको छ ।

स्वीकृत कार्यविधि अनुसार अनुदान लिन चाहने सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूले बिगतमा नेपाल सरकार वा अन्य कुनै निकायवाट आर्थिक सहयोग लिएको भए सो वाट सम्पादन भएका कामहरूको विवरण सहित नेपाल सरकारवाट मान्यता प्राप्त लेखापरीक्षकवाट लेखापरीक्षण गरिएको प्रतिवेदन र यस आर्थिक बर्षमा पुस्तकालयवाट सम्पन्न हुने कामहरूको कार्ययोजना सहित यो २०७५ साल जेष्ठ ३० गतेसम्ममा यस इकाइमा वा सोझै नेपाल सरकार,शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको पुस्तकालय समन्वय शाखामा आइपुग्ने गरी संलग्न ढांचामा कार्ययोजना सहित अनुदानको लागि निवेदन दिन सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको लागि यो सूचना प्रकाशन गरिएको छ ।

...............................
२/२३
(इकाइ प्रमुख)